## पचालझरना गाउँपालिका

# गाउँ कार्यपालिका कार्यालय

### पडेक्षा, कालीकोट

**आ.ब. २०८०/०८१ का लागि प्रस्तावित वार्षिक निति तथा कार्यक्रम**

८ असार २०८०

<u>आ.ब. २०८०/०८१ को लागी प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम</u>

०८ असार २०८० पचालझरना गाउँपालिकाको ११ औ गाउँसभा कार्यक्रमका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, गाउँसभाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार तथा सञ्चारकर्मीहरु, सुरक्षाकर्मीहरु, मजदुर, किसान तथा आम पचालझरना बासी आमाबुवा दाजुभाई तथा दिदिबहिनीहरु तथा यस सभामा उपस्थित महानुभावहरु सबैमा नमस्कार तथा अभिवादन....

आज यस सभामा म अब पचालझरना गाउँपालिकाको आ.ब. २०८०।८१ को नीति तथा कार्यक्रम पेश गर्न गइरहेको छु ।

महान १० बर्षे जनयुद्द, ऐतिहासिक १९ दिने दोस्रो जनआन्दोलन र मधेश आन्दोलनको जगमा स्थापना भएको संघिय लोकतान्त्रिक गणतन्त्रले हामीलाई दीगो शान्ति, स्थायित्व, बिकास र समृद्वीतर्फ अघिबढ्न ऐतिहासिक अवसर प्रदान गरेको छ ।यस घडीमा हामीलाई यो अवस्थासम्म पुर्याउने महान सहिदहरुलाई हृदय देखि सम्झन चाहन्छु ।साथै महान सहिदहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्न चाहान्छु र उहाँहरुले देखाएको बाटोमा अघिबढ्ने प्रतिवद्वता जाहेर गर्दछु । ऐतिहासिक परिवर्तन र उपलब्धी संगै पचालझरना वासिको परिबर्तन प्रतिको चाहाना एवं जनआकांक्षा बमोजिम दिगो बिकास र सम्बृद्धिको सपनालाई सार्थक बनाउने बाटो खुलेको छ। जुन प्राप्त उपलब्धीको रक्षा गर्दै थप अवसर र उपलब्धी प्राप्तीसंगै सामाजिक न्याय सहितको बहुआयामिक आदर्श समाज एवं दिगो र गुणस्तरिय विकास सहिदको **"समृद्व पचालझरना हाम्रो चाहना"** को सपना साकार गर्ने आधार तयार भएको छ। **"शिक्षा, स्वास्थ्य, पर्यटन, रोजगारी, कृषि तथा पशुपालन, सहकारी बिकास र पूर्वाधारः समृद्व पचालझरनाका सात आधार"** लाई रणनैतिक विकासको मुलमन्त्र बनाई, नेपालको संबिधान २०७२ द्धारा स्थानीय तहलाई प्रदत्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेका प्रावधान, पन्ध्रौं पञ्चवर्षिय योजना, दिगो बिकास लक्ष, दिर्घकालिन सोच लक्ष्य तथा देश्य संग तालमेल हुने गरि पचालझरना गाउँपालिको आवश्यकता, साधन श्रोतको उपलब्धता संस्थागत क्षमता समेतका आधारमा आगामी आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**आदरणीय गाउँसभा सदस्य तथा उपस्थित महानुभावहरुः**

बिश्वभर कोरोना भाईरस (कोभिड १९) का कारणले जर्जर बनेको देशको अर्थतन्त्र र त्यस पश्चात राष्ट्रिय अर्थतन्त्रमा देखिएको संकुचनका बिच आज हामी पचालझरना गाउँपालिको ११ औ गाउँसभामा यो नीति तथा कार्यक्रम पेश गर्न गइरहेका छौं ।जसको असर हाम्रो जस्तो विकास उन्मुख राष्ट्रमा त झन बढी हुने गर्दछ र त्यसबाट पचालझरना गाउँपालिका पनि अछुतो रहने कुरा भएन । सिमित स्रोत साधनबाट असिमित आवश्यकता परिपुर्ति गर्ने कुरा आफैमा मुस्किल छ, त्यसमाथि न्युन आन्तरिक स्रोतको बढोत्तरी र बढ्दो बार्षिक व्ययभार व्यवस्थापन गर्ने कुराले झन व्यवधान खडा हुदै आएको छ । यी र यस्तै यावत समस्या र चुनौतीलाई चिर्दै योजनाबद्द रुपमा समृद्व पचालझरना निर्माण गर्ने कुरामा म र मैले नेतृत्व गरेको स्थानीय सरकार प्रतिवद्व रहेको जानकारी गराउन चाहन्छु।

**आदरणीय गाउँसभा सदस्य तथा उपस्थित महानुभावहरुः**

अब म पचालझरना गाउँपालिकाको समग्र बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

१. नेपालको संविधान (२०७२) बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन भई तिनै तहमा जनप्रतिनिधीमूलक शासन व्यवस्था सञ्चालनमा रहेको छ । अबका दिनमा पचालझरना गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकाको विकास र समृद्वीको लागि **"शिक्षा, स्वास्थ्य, पर्यटन, रोजगारी, कृषि तथा पशुपालन, सहकारी बिकास र पूर्वाधारः समृद्व पचालझरनाका सात आधार"** लाई आधार बनाई गुणस्तरिय र व्यवसायिक शिक्षा, गुणस्तरिय र प्रभावकारी स्वास्थ्य सेवा, वातावरण मैत्री र दिगो पर्यटन विकास, उत्पादनमुलक स्वरोजगार सहितको दिगो र भरपर्दो रोजगारी सिर्जना, कृषि तथा पशुपालनको उत्पादन र उत्पादकत्वको वृद्वी गर्नुको साथै कृषि उपज र पशुपालनमा आत्मनिर्भर हुनुको साथै आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्धन, सहकारी मार्फत छरिएर रहेको पुँजी परिचालन, बचत प्रवर्द्धन गर्दै सामुहिक व्यवसाय सञ्चालन गर्दै स्वरोजगारी सिर्जना र आयआर्जनका अवसर सिर्जना गर्ने र दिगो, भरपर्दो र वातावरणमैत्री पूर्वाधार विकास गर्ने पचालझरना गाउँपालिकाको मुख्य नीति रहने छ । साथै सार्वजनिक सेवालाई सरल, सहज, पारदर्शि, नागरिक तथा सेवाग्राही मैत्री बनाउनुको साथै नागरिकलाई राज्यप्रतिको अपनत्व विकास गर्दै कल्याणकारी राज्यको स्थापना सुनिश्चित गरिनेछ संगै हरेक क्षेत्रको उत्पादकत्वको अभिवृद्वी गर्दै आर्थिक र सामाजिक रुपमा आत्मनिर्भर पचालझरना निर्माण गरि गरिवी न्यूनीकरण गर्नु प्रमुख नीति हुनेछ ।

**आदरणीय गाउँसभा सदस्य तथा उपस्थित महानुभावहरुः**

अब म क्षेत्रगत रुपमा आगामी आ.ब. २०८०।८१ का लागि निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**क.सुशासन तथा सार्वजनिक सेवाप्रवाहः**

१. गाउँपालिकाको कार्यालयलाई प्रविधियुक्त बनाउन गाउँ कार्यपालिकाको नयाँ भवनमा कार्यालय स्थानान्तरण पश्चात सिसि टिभि जडान, विद्युतीय हाजिरी जडानको व्यवस्था मिलाइनेछ ।

२. सार्वजनिक सेवामा नागरिकको सहज पहुँचलाई सहज बनाउन डिजिटल डिस्प्ले बोर्ड सहितको डिजिटल वडापत्रको व्यवस्थापन गरिनेछ ।

३. गाउँपालिकामा विभिन्न कामकाज लिएर आउने सेवाग्राही तथा आगन्तुकहरुमा सहजीकरण गर्नको लागि **नागरिक सहायता कक्ष (हेल्प डेस्क)** सञ्चालनमा ल्याइनेछ ।

४. गाउँपालिका जनप्रतितिनिधि, कर्मचारी र गाउँपालिकामा विभिन्न कामकाजका लागि आउने सेवाग्राहीहरुका लागि आकस्मिक र साधारण स्वास्थ्य सेवा उपलब्ध गराउने उदेश्यका साथ गाउँपालिका कार्यलय हाताभित्र **हेल्थ डेस्क** सञ्चालनमा ल्याइनेछ ।

५. गाउँपालिका गाउँ कार्यपालिका कार्यलय स्थीत पचालझरना गाउँपालिका, विभिन्न ऐन कानुनहरु, स्थानीय कानूनहरु, अन्य कुराको जानकारी प्राप्त गर्न वा कर्मचारी जनप्रतिनिधिमा अध्ययन र अनुसन्धान संस्कृतिको विकास गर्न **अभिलेखालय, सुचना तथा अध्ययन केन्द्र** स्थापना गरिनेछ ।

६. नागरिकको सबैभन्दा नजिकको संस्था वडा कार्यालयलाई नागरिक मैत्री, प्रविधिमैत्री र सेवामैत्री बनाउन २०८४ असार मसान्त भित्र ९ वटै वडा कार्यालयको आफ्नै सुविधासम्पन्न भवन निर्माण गरिनेछ र वडा कार्यालयको सार्वजनिक सेवालाई प्रभावकारी बनाउन वडा कार्यालयहरुलाई फर्निचर, इमेल इन्टरनेट र जनशक्तिगत रुपमा सुविधासम्पन्न बनाइनेछ ।

७. वडाको सेवा व्यवस्थापनको लागि नियमित अनुगमन गर्नुको साथै नागरिक वडापत्रलाई नागरिकको पहुँचमा पुग्ने गरि राख्ने व्यवस्था गरिनेछ ।

८. गाउँपालिका बासीको आवश्यकता र संघीयताको मर्म अनुरुप योजना सम्झौताको लागि वडावडामा घुम्ती शिविर मार्फत **घुम्ती योजना सम्झौता शिविर** सञ्चालन गर्नुको साथै नागरिकता र घरजग्गा सम्बन्धी कामकाजलाई नागरिकको घरदैलोसम्म पुर्याउने उदेश्यले जिल्ला स्थीत सम्बन्धीत कार्यालयसंग समन्वय गरि **नागरिकता र जग्गा सम्बन्धी घुम्ती शिविर** सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

९. आगामी आर्थिक बर्षको सुरुवात देखि नै सार्वजनिक खरिदलाई पारदर्शि, मितव्ययी र प्रभावकारी बनाउन खरिद समितिको गठन, मुल्याङ्कन समिति गठन तथा तिनको कामकारवाहीलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्य गरिनेछ साथै जिन्सी व्यवस्थापन र सरकारी मालको सुरक्षा र संरक्षणलाई व्यवस्थीत र प्रभावकारी बनाउन नेपाल सरकारद्वारा जारी जिन्सी व्यवस्थापन प्रणाली (PAMS) लागु गरिनेछ

१०. गाउँपालिकाबाट हुने सेवा प्रवाह, निर्णय निर्माण, नीति निर्माण र विकास निर्माणका कार्यलाई प्रभावकारी बनाउन, कार्यलयको समग्र सेवा प्रवाहलाई व्यवस्थीत र समायानुकुल बनाउन **बार्षिक** कार्य योजना सहितको **क्यालेण्डर** बनाई लागु गरिनेछ ।

११. आजको बैज्ञानिक युग सापेक्ष गाउँपालिकालाई सुचना, प्रविधि मैत्री बनाउन र सेवा प्रवाहलाई छिटो छरितो, चुस्तदुरुस्त र सरलीकृत गर्न डिजिटल पचालझरना निर्माणको अभियान स्वरुप जिन्सी, योजना, राजस्व, व्यवसाय दर्ता, कर्मचारी हाजिरी, वडा कार्यलयका सिफारिस, गुनासो सुनुवाई र टोल फ्री नम्बर राख्ने जस्ता कार्यलयलाई आवश्यकता अनुसार अनलाइन तथा अफलाईन प्रणालीमा आवद्व गरिनेछ ।

१२. पचालरझरना गाउँपालिकाको स्वीकृत दरबन्दी संरचना, स्थानीय आवश्यकता र राजस्व क्षमताको आधारमा विद्यमान कर्मचारी संगठनलाई चुस्तदुरुस्त बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण पुन विचार गरिनेछ ।

१३. निवृत करार सेवाका कर्मचारीका लागि कर्मचारी कल्याणकोष लाई बृद्धि गरि निवृत हुदाँ वा करार समाप्त हुदाँ कार्य अवधिका आधारमा सुविधा उपलब्ध गराउने गरि नीतिगत व्यवस्था सहित एक **अवकास कोष स्थापना** गरिनेछ । साथै करार सेवामा कार्यरत कर्मचारीलाई योगदानमा आधारिक सामाजिक सुरक्षा कोषमा समावेश गर्नको लागि आवश्यक पहल गरिनेछ ।

१४. सुशासन र पारदर्शिता सम्बन्धमा आन्तरिक लेखा परिक्षण नियमावली तथा कार्यविधि निर्माण, आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन, लेखा समितिलाई उत्तरदायि बनाउने व्यवस्था मिलाइनेछ ।

** र. भवन तथा पूर्वाधार विकास तर्फः**

१. भवन,सडक लगायत कुनैपनी पूर्वाधार निर्माण गर्दा विस्तृत परियोजना रिपोर्ट र प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन कार्यलाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।

२. सडक पुर्वाधार निर्माण गर्दा यहाँको भौगोलिक बनावट, स्थानीय आवश्यकता, आयोजनाको दिगोपना, आयोजनाको लाभ लागत, वातावरणीय क्षतिको मात्रा, विकास र विपदको अनुपात जस्ता विषयलाई मध्यनजर गरि जथाभावि डोजर लगाउने, जथाभावि सडक खन्ने कार्यलाई निरुत्साहित गर्दै मापदण्ड अनुरुप **गुणस्तरिय, दिगो र भरपर्दो सडक सरचना निर्माणमा** जोड दिइनेछ ।

३. पचालझरना गाउँपालिका **जारकोट-जिम्मेजेडी हुदै खाँडाचक्र सडक** र पचालझरना रारा जोड्ने **लाफा खार्दु भारपाटा हुदै नाग्म सडकलाई** पहिलो प्राथमिकतामा राखि सडक आयोजना निर्माणको लागि प्रदेश तथा संघ सरकारसंग आवश्यक पहल गरिनेछ र हालसम्म सडक सञ्जालमा नजोडीएका वडा तथा वडा कार्यालयलाई आगामी आर्थिक वर्षमा सडक सञ्चालन जोड्जे व्यवस्था मिलाइनेछ ।

४. विद्यमान सडक संरचनालाई मापदण्ड अनुरुप गुणस्तरिय, भरपर्दो र दिगो बनाउन स्तरउन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. खानेपानी तथा सरसफाई तर्फ एकघर एकधाराको राज्यको नीति अनुरुप निर्माणाधिन खानेपानी आयोजना समयमै सम्पन्न गर्नको लागि सम्बन्धीत निकायलाई ताकेता गर्ने र बाँकी स्थानमा २०८४ सम्ममा सबै घरमा सुरक्षित खानेपानी पुर्याउने व्यवस्था मिलाइनेछ ।

६. विद्यमान खानेपानी आयोजना मर्मत संभार तथा संरक्षण, नयाँ खानेपानी स्रोत पहिचान र संरक्षणको कार्यको लागि आवश्यक व्यवस्था मिलाइनेछ । उपभोक्ता समितिमार्फत सञ्चालिन खानेपानी आयोजनाको हकमा मर्मत संभार र सञ्चालनको लागि सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।

७. मुख्य गरि सिचाई उत्पादन र आयआर्जनको मेरुदण्ड भएको हुदाँ निर्माणधिन सिचाई कुलो यथासक्य चाँडो निर्माण कार्य सम्पन्न गर्ने विषयमा ताकेता गर्नुको साथै अन्य आयोजना समयमै सूरु गर्ने विषयमा तदारुकताको साथ लागिनेछ ।

८. विद्यमान परम्परागत तथा आधुनिक सिचाँई कुलो मर्मत संभार र नियमित सञ्चालनको विषयमा गाउँपालिका, वडा समिति र सम्बन्धीत उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था मिलाइनेछ ।

९. पचालझरना गाउँपालिका आफैमा एक पृथक परिचय बोकेको पालिका हो जहाँ कर्णाली नदिले पालिकालाई दुई भागमा बाँडेको छ । कर्णाली नदी तथा अन्य खोलानालामा निर्माणधिन मोटरेवल तथा झोलुङ्गे पुल समयमै निर्माण सम्पन्न गर्ने गराउने विषयमा निर्माण व्यवसायी, उपभोक्ता समिति, सरोकारवाला निकायसंग आवश्यक छलफल तथा समन्वय गरिनेछ ।साथै राज्य नीति अनुरुप आधा घण्टाको पैदलयात्रा छोटिने स्थानमा झोलुङ्गे पुल निर्माण लागि स्थान पहिचान गरि सम्बन्धित निकायमा पेश गरिसकेको हुदाँ त्यसलाई यथाशिघ्र कार्यान्वयनको लागि समन्वय र सहजीकरण गरिनेछ ।

१०. विद्यालय तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण गर्दा भवन संहिता र मापदण्डको पूर्ण पालना गर्ने गराउनुको साथै भवन निर्माण कार्यलाई ठेक्का प्रणालीबाट कार्यान्वयनको आवश्यक व्यवस्था मिलाइनेछ ।

११. जलविद्युत तथा उर्जातर्फ लाफागाड लघु जलविद्युत आयोजनालाई स्तरउन्नती तथा मर्मत गरि बाह्रै महिना नियमित विद्युत आपुर्तिको सुनिश्चितता गरिनेछ भने राष्ट्रिय प्रशारण लाईलाई यथासक्य चाँडो विद्युत नपुगेका वडामा पहिलो प्राथमिकता दिई प्रशारण लाईन विस्तारको लागि सम्बन्धीत निकाय संग पहल गरिनेछ ।

१२. राष्ट्रिय प्रशारण लाईन र स्थानीय विद्युत लाईन नपुगेका वडा तथा क्षेत्रमा विद्युत सेवा पुर्याउन, सडक लाईट व्यवस्थापन गर्न, ICT ाव सञ्चालित विद्यालयमा नियमित विद्युत आपुर्तिको लागि वैकल्पिक उर्जासंग समन्वय र सहकार्यमा सोलार प्रणाली जडानको लागि **आवश्यक पहल गरिनेछ ।**

**१३. यस क्षेत्रको भौगोलिक विकटता र जटिलतालाई मध्यनजर गरि प्राविधिक कर्मचारी, अनुगमन समितिका पदाधिकारीलाई पहिलो प्राथमिकतामा राखि जनप्रतिनिधि र कर्मचारीको दुर्घटना विमा गर्ने व्यवस्था मिलाइनेछ ।**

१४. निर्माण कार्यको गुणस्तर सुधारको लागि लघुउद्यम शाखा मार्फत **सिकर्मी र डकर्मी तालिम** व्यवस्था मिलाइनेछ ।

**ग.आर्थिक विकास तर्फः**

**१.कृषि तर्फकोः**

१. **कृषि उत्पादनमा वृद्धी पचालझरनाको समृद्धी,** कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व बढाउदै, गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदानमा बृद्धि गरीनेछ । गाउँपालिकामा खाद्यान्न, तरकारी, फलफुल, नगदेबालि स्थानिय रैथानेबालीको प्रबर्द्धन तथा व्यवसायीकरणका लागि प्रोत्साहन गरीनेछ ।

२. व्यवसायीक रुपमा कृषि पेशामा संलग्न कृषक, कृषक समुह, कृषी सहकारी तथा कृषी फर्महरुको तथ्याङ्क संकलन तथा दर्ता गरी अभिलेख प्रर्णालीलाई चुस्त दुरुस्त बनाइ व्यबस्थित गरीने छ ।

३. यस गाउँपालिका भित्रका कृषक, कृषक समुह, कृषी सहकारी, कृषी फर्महरुको मागको आधारमा खाद्यान्न, तरकारी, फलफुल, नगदेवालीमा िशेष अनुदान तथा प्रोत्साहन दिइनेछ ।

४. कृषि व्यवसायलाई प्रोत्साहीत र मर्यादित बनाउनका लागि गाउँपालिका भित्रका **उत्कृष्ट कृषकहरुलाई** मापदण्ड तयार गरि **पुरस्कृत** गरिनेछ ।

५. कृषि सम्बन्धि कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यन्वयन गर्नको लागी विभिन्न सरोकार वाला निकायहरुसंग सहकार्य साझेदारीमा कार्यन्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

६. समुदायको पोषण तथा जिविकोपार्जनको अबस्थामा सुधार ल्याउनको लागी गाउँपालिका भित्रका हरेक घरधुरीमा करेसाबारी स्थापना गर्दै, सम्भाव्य क्षेत्रमा उत्पादन पकेट क्षेत्र बिस्तार गर्ने र साथै गाउपालिका स्तरमा आवश्यक रुपमा बोट बीरुवा सहज रुपमा आपुर्ती गर्नको लागी विद्यमान नर्शरीको स्तरउन्ती गरिनेछ ।

७. साझेदारीमा स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ हुने गरी जिविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरण साथै कृषि सामाग्रीको सहज आपुर्तिका लागी आवश्यकता अनुसार बिउ भण्डारण घर तथा संकलन/वितरण केन्द्र स्थापनाको लागि पहल गरीनेछ ।

८. राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बालिवस्तुको साना व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले साझेदारी गरी कार्यक्रम अगाडी बढाइने छ ।

९. कृषि क्षेत्रको आधुनीक विकासका लागी कृषकको आवश्यकताका आधारमा कृषि सामाग्रीहरुमा अनुदानको व्यवस्था मिलाइने छ ।

१०. कृषकको ज्ञान, सिप र दक्षतामा बृद्दि गर्न बिभिन्न तालिम गोष्ठी सञ्चालन गर्ने व्यबस्था मिलाइने छ ।साथै कृषि प्राविधिकहरुलाई किसानको खेतबारीमै गएर प्राविधिक सेवा दिने व्यवस्था मिलाइनेछ ।

११. बालिनालिमा क्षति पुर्याउने रोग किराको व्यबस्थापन गर्न गाउपालिकाबाट बिभिन्न बालि उपचार शिविर, जैविक तथा रसायनिक बिषादिको सशुल्क वितरणको व्यवस्था मिलाइने छ ।

१२. कृषि क्षेत्रमा बिदेशबाट फर्किएका युवाहरुलाइ आकर्षित गर्न र कृषकको माग बमोजिम अनुदान दिन मागमा आधारीत कार्यक्रम सञ्चालन गरीनेछ ।

१३. कृषिको विविधिकरण गर्न **माटो परिक्षण**को आवश्यक व्यवस्था मिलाइने छ।

१४. कृषि उपजको बजारीकरण गर्न स्थानीय कृषि उत्पादन संकलन र वितरणको लागि **कृषि उत्पादन संङ्कलन केन्द्र** निर्माणको कार्यलाई अगाडी बढाइनेछ ।

१५. **हरियो खेतबारी मेरो जिम्मेवारी,** लाई सार्थक बनाउन खेतबारी बाँझो राख्ने परिपाटीलाई निरुत्साहित गरिनेछ ।

**२.पशुपंक्षी तर्फः**

१. पशुपन्छी उत्पादन एवं उत्पादकत्व बढाउँदै गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदान वृद्धिगर्दै गाउँपालिकालाई दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाउन गाई/भैसीपालन, भेडाबाखा पालन, तथा कुखुरा, कालिज, बटै, टर्कीपालन व्यवसायालाई प्रोत्साहित गरिनेछ ।

२. व्यावसायिक रुपमा पशुपालन पेशामा संलग्न कृषक, कृषक समूह, कृषि सहकारी र कृषि फर्महरुको तथ्यांक संलकन तथा दर्ता गरी अभिलेख प्रणालीलाई चुस्तदुरुस्त बनाई व्यवस्थित गरिनेछ । साथै कृषि तथा पशुपन्छी सम्वन्धी अन्य तथ्यांक अध्यावधिक गर्ने कार्यक्रम लाई अझ व्यवस्थीत बनाईनेछ ।

३. कृषकहरुका लागि आवश्यक उन्नत जातका घाँसका विरुवा स्थानीय नर्सरीमा नै उत्पादन गरि निशुल्क रुपमा वितरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४. पशुपन्छीहरुको नश्ल सुधारको लागी कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

५. पशुपालन सम्वन्धी कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि अन्य संघसंस्थासँग सहकार्यमा साझेदारी गर्नका लागी आवश्यक व्यवस्था मिलाइनेछ ।

६. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका अतिविपन्न घरधुरीमा ग्रामिण कुखुरापालन कार्यक्रम बिस्तार गरीनेछ ।

७. पशुपंक्षी जन्य सर्ने तथा नसर्ने रोग विरुद्ध खोप कार्यक्रमलाई अभियानका रुपमा सन्चालन गरिनेछ ।

८. पशुपंक्षी विकास शाखामा कार्यरत प्राविधिक कर्मचारी र कृषकहरु लाई नवीनतम प्रविधि सम्बन्धी आवश्यक तालिमको व्यवस्था गरिनेछ

९. बाझो रहेका निजि तथा सार्वजनिक जग्गाहरुमा उन्नतघाँस खेती गर्न प्रोत्साहान गरिनेछ ।

१०. गाउँपालिकाको सडकछेउ तथा पहिरो जोखिम क्षेत्रमा बायोइन्जीनियरीङको रुपमा घाँसखेति गर्न प्रोत्साहन गरिनेछ ।

१२. पशुपन्छी विकास शाखाबाट नियमित रुपमा सन्चालन हुदै आएको पशुस्वास्थ्य उपचार सेवा कार्यक्रमलाई व्यवस्थीत र प्रविधि मैत्री बनाई सेवा प्रवाह गरीनेछ । साथै पशुपंक्षी शाखाबाट सेवा प्रवाह गर्न कठीनाई हुने ठाँउमा घुम्ती शिविर मार्फत सेवा प्रवाहको व्यवस्था गरीनेछ ।

१३. स्वच्छ र स्वस्थ मासु उपभोक्ताहरुमा पुर्याउनका लागी मासु पसल सुधारका कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१४. पशुपालक कृषकलाई प्रोत्साहन गर्ने उदेश्यले **गाउँपालिका अध्यक्ष प्रोत्साहन कार्यक्रम** सञ्चालन गरिनेछ ।

१५. एकल महिलाहरुलाई आयआर्जनमा जोड्न **उपाध्यक्ष आयआर्जन कार्यक्रम** सञ्चालन गरिनेछ ।

१६. पालिकाको कृषि तथा पशुपंक्षी पालनमा समग्र विकासको निम्ती **एकिकृत कृषि तथा पशुपंक्षी विकास रणनीति** निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

**३. सहकारी तर्फः**

१. सहकारी संस्थाहरुको दर्ता तथा नविकरण, सञ्चालन र व्यवस्थापन कार्यलाई अनलाईन प्रणालीमा आवद्द गरि सहकारीको नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२. सहकारी संस्थाको विकासकालागि सहकारीको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

३. निष्क्रिय रहेका सहकारीको खोज अनुसन्धान गरि समस्याको पहिचान र निराकरणको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

४. सहकारी मुलक व्यवसायलाई प्रवर्धन गर्न व्यवसायिक योजनामा आधारित अनुदानको व्यवस्था गरिनेछ ।

५. छरिएर रहेको पुँजी, ज्ञान र सिपको पहिचान, संकलन एवम परिचालनको उपयुक्त माध्यमको रुपमा सहकारी मार्फत स्थानीय ज्ञान, सिप र पुँजीलाई गाउँपालिकाको आयआर्जन, रोजगारी, स्वरोजगारी, समृद्वी र विकासमा उपयोग गर्ने नीति लिइएकोछ ।

**४. व्यवसाय दर्ता र नविकरणः**

१. स्थानीय स्तरमा सञ्चालित व्यवसाय गाउँपालिकामा दर्ता गराउने र नविकरण गर्ने गराउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरि गाउँपालिकाको आन्तरिक आयआर्जनमा वृद्धी गरिनेछ ।

२. व्यवसायी कर सचेतना कार्यक्रम सञ्चालन गरि व्यवसायीमा राजीखुसी स्वयम कर तिर्ने परिपाटीको विकास गरिनेछ ।
३. बजार अनुगमन कार्यलाई नियमित गरि उपभोक्ता हित र स्वास्थ्यको संरक्षणको सुनिश्चिता गरिनेछ ।
४. गाउँपालिकाबाट हुने जुनसुकै प्रकारको बस्तु तथा सेवा खरिदमा मापदण्ड पुराएर सञ्चालनमा रहेका पसल तथा व्यवसायीलाई प्राथमिकतामा राखिनेछ । र त्यसरी भुक्तानी दिदा अनिवार्य पार्टि भुक्तानीलाई जोड दिइनेछ ।
५. स्थानीय उत्पादनको बजारीकरण र स्थानीय बजारको प्रवर्धन गर्न पालिकाले निश्चित क्षेत्र तोकी साप्ताहिक रुपमा कृषि तथा पशुपंक्षी व्यापार मेला सञ्चालनको व्यवस्था मिलाइनेछ ।

**५. पर्यटन तर्फः**

१. हाम्रो गाउँपालिको पहिचान र शानको रुपमा रहेको पचालझरनालाई आधिकारिक निकायबाट नापी, प्रमाणित, सूचीकरण र राष्ट्रिय राजपत्रमा प्रकासन गर्ने गराउने कार्यलाई आ.ब.२०८०।८१ भित्र गरिनेछ ।
२. पचालझरनाको प्रचारप्रसार र पर्यटन प्रवर्धनको लागि संघीय मन्त्रालय, प्रदेश मन्त्रालय, प्रदेश प्रवेशद्वार, जिल्ला प्रवेशद्वार, जिल्ला स्थीत कार्यालय, गाउँपालिका प्रवेश बिन्दुमा पचालझरनाको जानकारी सहितको फोटो राख्ने, पोष्टर पम्पलेट निर्माण तथा वितरणको व्यवस्था मिलाइनेछ ।
३. पचालझरना गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय, धार्मिक सांस्कृतिक महत्वका क्षेत्रको एकिकृत विकास र प्रवर्धनको लागि एकिकृत पचालझरना पर्यटन गुरुयोजना निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**६. रोजगार (प्र.म.रोजगार र मु.म.रोजगार) तर्फः**

. रोजगार सेवा केन्द्र मार्फत सञ्चालित प्रधानमन्त्री रोजगार कार्यकम र आयोजनाको प्रभावकारीता अभिवृद्दी गर्न योजना छनौटमा मापदण्ड पुर्ण पालन गर्नुको साथै आवश्यक साझेदारीको व्यवस्था गरिनेछ ।
२. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत आयोजनाका छनौटको कार्यलाई मापदण्ड अनुरुप बस्तुनिष्ठ बनाउन आवश्यक व्यवस्था गरिनेछ
३. रोजगार सेवाकेन्द्र सेवालाई बहुउपयोगी बनाउन आवश्यक व्यवस्था गरिनेछ ।
४. पचालझरना गाउँपालिकाको दिर्घकालिन रोजगार रणनीति तयार गरि सो अनुसार दिर्घकालिन रोजगार कार्यक्रममा जोड दिइनेछ ।
५. सम्पुर्ण श्रमिकको बैंङ्क खातालाई पूर्ण रुपमा लागु गर्न **पालिका र नागरिकको नाता प्रत्येक श्रमिकको बैङ्क खाता कार्यक्रमलाई** अभियानको रुपमा लागु गरिनेछ ।

**७. उद्यम विकास तर्फः**

१. उद्यम विकास कार्यक्रम अन्तरगत सञ्चालित कार्यक्रम, तालिम र प्रविधि हस्तान्तरण कार्यक्रमलाई पारदर्शि र प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।
२. सो कार्यक्रम मार्फत लिएका तालिम र प्रविधिको उपयोगको अवस्थामा विषयमा स्थलगत अनुगमन मुल्याकन गरि कार्यक्रमको प्रभावकारीता र साझेदारीको विषयमा आवश्यक निर्णय गरिनेछ ।
३. स्थानीय रुपमा उत्पादित कृषि उपजको अधिकतम् उपयोगको लागि कुखुरा चल्लाको लागि आवश्यक पर्ने दाना उत्पादन गर्ने कार्यलाई नमुना कार्यको रुपमा अगाडी बढाइनेछ ।
४. परम्परागत सिप, प्रविधिको प्रवर्दन गर्न राडी, पाखि, लिउ, फेरे लगायतको उत्पादन र बजारीकरणको आवश्यक व्यवस्था गरिनेछ ।
५. उद्यम शाखा मार्फत सिस्नो, अल्लो, तितेपाती, जडीबुटी लगायत बस्तुको उत्पादन, प्रशोधन र प्रवर्धन गर्न आवश्यक व्यवस्था मिलाइनेछ

**८. बहुक्षेत्रिय पोषणतर्फः**

१. बहुक्षेत्रिय पोषण कार्यक्रमलाई पारदर्शि र प्रभावकारी रुपमा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
२. पोषण कार्यक्रमको प्रभावकारीता विषयमा सरोकारवालसंग अन्तरक्रिया कार्यक्रमका गरिनेछ। साथै आवश्यकता र स्थानीय क्षमताको आधारमा साझेदारी गरिनेछ।

**घ. सामाजिक विकासः**

**१. शिक्षा, युवा तथा खेलकुदतर्फः**

१. शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न भर्ना अभियान संचालन गर्ने, बालमैत्री विद्यालय स्थापना गर्ने अभियान संचालन गरिनेछ । साथै स्थानीय स्तरमै प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालयहरु लाई व्यवस्थित गर्दै लगिनेछ ।
२. शिक्षकहरु तालिम तथा नवितम प्रविधिसंग जोड्दै **मेरो विषय मेरो जिम्मा र मेरो विद्यालय सुधार मेरो जिम्मेवारी** अभियान संञ्चालन गरि गुणस्तरिय शिक्षामा जोड दिइनेछ ।
३. गाउँपालिका अनुदान कोटा तथा नीजि स्रोतबाट शिक्षक नियुक्ति तथा सेवा सुविधाका सम्बन्धमा स्थानीय मापदण्ड तर्जुमाको लागि गाउँपालिका अनुदान शिक्षक कार्यविधि तथा मापदण्ड बनाई लागु गरिनेछ ।

४. मासिकरुपमा विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति र प्र.अ. बैठक गर्ने गराउने विषयमा आवश्यक निर्देशन तथा व्यवस्था गरिनेछ । बर्षमा एक पटक अनिवार्य शैक्षिक गोष्टी गर्ने व्यवस्था मिलानेछ ।

५. राम्रो र गुणस्तरिय नतिजा ल्याउने विद्यालय र विद्यार्थीलाई प्रोत्साहन गर्न SEE परिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालय, प्रधानाध्यापक र विद्यार्थीलाई नगद सहित शिक्षा दिवसको अवसरमा सम्मान गरिनेछ ।

६. यस गाउँपालिकामा स्थानिय शिक्षा सम्बन्धी ऐन, नियम, निर्देशिकाको समसामयीक परिमार्जन गरि पूर्ण रुपमा कार्यान्वयनको सुनिश्चिता गरिनेछ ।

७. बालबिकास केन्द्रलाई ब्यबस्थीत गर्नका लागि सहयोगि कार्यकर्ताको न्यूनतम योग्यता कायम गरि कक्षा व्यवस्थापनका लागि आवश्यक सिकाई सामाग्री र बसाई व्यवस्थापन गरिनेछ ।

८. यस गाउँपालिकामा रहेका सामुदायिक बिद्यालयहरुलाई बिद्यार्थि संख्या ,शिक्षक दरबन्दी ,सञ्चालित कक्षा र भौगोलिक दुरी समेतलाई आधार मानी दरबन्दी मिलान गर्ने ,कक्षा घटाउने तथा बढाउने र विद्यालय मर्ज गरिनेछ ।

९. बिद्यार्थीको शैक्षिक गुणस्तर अभिबृद्धीका लागि निरन्तर अनुगमन मूल्यांकन लाई प्रभावकारीका साथ कार्यान्वन गर्दै बिद्यालयमा हुने निरन्तर मूल्यांकन प्रणाली प्रयोगात्मक परिक्षा र अतिरीक्त क्रियाकलाप लाई प्रभावकारी कार्यान्वयनका लागि रणनितीक योजना तयार पारी कार्यान्वयन गरिनेछ ।

१०. विद्यालय शिक्षाको सुधारमा अभिभावकको भुमिकालाई जिम्मेवार बनाउदै आफ्ना नानिबाबुहरुलाई बिद्यालय नपठाउने अविभावकहरुलाई गाउँपालिका र वडा बाट प्रदान गरिने सेवा सुविधा रोक्का गरिनेछ ।

११. छात्रवृति र दिवा खाजालाई पारदर्शि र बस्तुनिष्ठ बनाउन EMIS लाई यर्थाथपरक बनाउदै लगिनेछ । दिवा खाजामा स्थानीय उत्पादन र सामाग्रीको उपयोगलाई प्राथमिकता दिदै प्र.अ. बैठकबाट साप्ताहिक खाजा सूची बनाई लागु गरिनेछ र साथै सोको कार्यान्वयन भए नभएको विषयमा गाउँपालिका र गाउँ शिक्षा समितिबाट अनुगमनको व्यवस्था मिलाईनेछ ।

१२. शैक्षिक सत्र सुरुवात मै विद्यार्थीको हातसम्म पाठ्यपुस्तक पुराउने विषयमा आवश्यक सहजीकरण र सहयोग गर्ने र स्थानिय पाठ्यक्रम निर्माण भैसकेको अवस्थामा त्यसको प्रभावकारी कार्यान्वयन र पठनपाठनमा सहजीकरण गरिनेछ ।

१३. पालिकास्तरमा सञ्चालन हुने परिक्षा कार्यक्रमलाई व्यवस्थित र मर्यादिन बनाउन गाउँ शिक्षा समिति र शिक्षा, युवा तथा खेलकुद शाखालाई जिम्मेवार बनाइनेछ ।

१४. सुचक सहितको मापदण्ड तयार गरी एक वडा एक नमुना बिद्यालयको अबधारणा कार्यान्वयनमा ल्याइनेछ ।

१५. राज्य कोषबाट तलव भत्ता तथा सेवा सुबिधा प्राप्तगर्ने राष्ट्रसेवक कर्मचारि, शिक्षक, जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारीका बालबालिकालाई सामुदायिक बिद्यालयमा अध्ययनका लागी प्रोत्साहित गरिनेछ ।

१६. गाउँपालिका स्तरमा उच्च शिक्षा अध्ययनका लागी एक **बहुमुखी क्याम्पस स्थापनामा** आबश्यक जग्गा पहिचान र प्राप्तीको कार्य अगाडी बढाइनेछ ।

१७. गाउँपालिकाबाट कक्षा १२ को परिक्षामा उत्कृष्ठ नतिजा प्राप्त गरी एमबिबिएस अध्ययन गर्ने विद्यार्थी, अन्य प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीलाई **एमबिबिए तथा प्राविधिक शिक्षामा छात्रवृतीको** व्यवस्था गरिनेछ । सो सम्बन्धमा कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

१८. हरेक बिद्यालयलाई प्रविधियुक्त (आईसिटी) बनाउदै र ईन्टरनेट पहुँच विस्तारको लागि आवश्यक व्यवस्था गरीनेछ ।

१९. माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुमा पचालझरना स्थीत विभिन्न क्षेत्रमा कार्यरत कर्मचारीहरुको ज्ञान सिप आदान प्रदान गर्ने कार्यलाई सुरुवात र प्रवर्दन गरिनेछ ।

२०. स्थानीय उत्पादनलाई सरकारी सेवामा भित्र्याउन **लोक सेवा तयारी कक्षा सञ्चालनको** व्यवस्था गरिनेछ ।

२१. विद्यालय शिक्षालाई शैद्वान्तीक मात्र नभई व्यवहारिक, जीवनउपयोगी, सिपयुक्त, व्यवसायिक बनाउन प्राविधिकधार सञ्चालनमा रहेका विद्यालयमा **सिक्दै कमाउदै कार्यक्रम** सञ्चालनमा ल्याइनेछ ।

२२. **हरेक शुक्रबार अतिरिक्त क्रियाकलापको बार** कार्यक्रम अन्तरगत शुक्रबार विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरि बालबालिकाको सर्वाङ्गिण विकासमा जोड दिइनेछ । सो सम्बन्धमा वडा, शिक्षा, युवा तथा खेलकुद शाखा र गाउँपालिकाबाट अनुगमनको व्यवस्था मिलाइनेछ।

२३. विभिन्न अतिरिक्त क्रियाकलाप अन्तरगत **एक शिक्षक एक विधा जिम्मेवारी** दिदै विद्यार्थीहरुलाई आफ्नो चाहना अनुसारको खेलकुदमा सहाभागि हुने अवसर प्रदान गरिनेछ ।

२४. पालिका, जिल्ला र प्रदेश स्तरमा हुने खेलकुदमा सहभागिता र खेल क्षेत्रको समग्र विकास गर्न पालिकास्तरिय खेलकुद विकास समितिलाई स्रोतसाधन सम्पन्न बनाउनु साथै समितिको भूमिकालाई प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

**२. स्वास्थ्य तथा सरसफाईः**

१. स्वास्थ्य सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन **अस्पताल निर्माण**को कार्यलाई अगाडी बढाउन जग्गा प्राप्ती प्रकृया अगाडी बढाउनुको साथै ५ शैयाको हस्पीटल निर्माणको लागि तत्काल डिपिआर गरी डिपिआर तथा डिजाइन स्वीकृतीको लागि स्वास्थ्य मन्त्रालय मार्फत प्रक्रिया अगाडी बढाइनेछ ।

२. सर्ने रोग र नसर्ने रोग रोकथाम तथा नियन्त्रणका लागि नियमित साथै आकस्मिक सेवालाई प्रभावकारी बनाउने व्यवस्था गराइनेछ ।

३. राम्नाकोट स्वास्थ्य चौकी, नानीकोट स्वास्थ्य चौकी र बदालकोट स्वास्थ्य चौकी भौतिक पूर्वाधार, खानेपानी सरसरफाई र स्वास्थ्य सामग्री तथा पूर्वाधार सम्पन्न बनाइनेछ ।

४. राम्नाकोट स्वास्थ्य चौकीबाट प्रदान गर्दै आएको **विशेषज्ञ चिकित्सक सेवा**लाई थप प्रभावकारी बनाउने विषयमा आवश्यक कार्य गरिनेछ ।

५. राम्नाकोट स्वास्थ्य चौकीबाट प्रदान गर्दै आएको आर्युवेदिक सेवालाई थप व्यवस्थित गर्नुको साथै विशिष्टिकृत सेवाको रुपमा विकास गरि **प्राकृतिक चिकित्सा पद्धती**को उपयोगमा जोड दिइनेछ ।

६. ल्यावसेवा लाई प्रभावकारी बनाउन दक्ष जनशक्ति व्यवस्थापन र आधुनिक प्रविधियुक्त ल्याब स्थापनको लागि आवश्यक व्यवस्था गरिनेछ

७. स्वास्थ्य कर्मी तथा स्वास्थ्य कर्मचारीको क्षमता विकासको लागि संघ, प्रदेशबाट हुने तालिम बाहेक पालिकाको तर्फबाट पनि आवश्यक तालिम व्यवस्था मिलाईनेछ ।

८. पालिका स्थीत आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई व्यवस्थीत गराउने र सुविधासम्पन्न गराउने विषयमा आवश्यक व्यवस्था मिलाइनेछ ।

९. तोकीए बमोजिम नियमित रुपमा स्वास्थ्य चेकजाँज गराउने, स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई प्रोत्साहन गर्न **माइतीको नासो कार्यक्रम**लाई निरन्तरता दिइनेछ र स्वास्थ्य संस्था बाहिर हुने सुत्केरीलाई रोक्न **मेरो आमालाई निम्तो कार्यक्रम** लागु गरिनेछ ।

१०. जेष्ठनागरिक तथा विपन्न नागरिकको लागि **निशुल्क औषधी उपचार**को आवश्यक व्यवस्था गरिनेछ ।

११. गाउँपालिका बासीलाई अत्यावयक अवस्थामा सहज तरिकाले स्वास्थ्य संस्थामा जाने पाउने, नागरिकको जीवनरक्षाको लागि **२४ सै घण्टा एम्बुलेन्स सेवा**लाई प्रभावकारी र व्यवस्थित गराउने विषयमा आवश्यक व्यवस्था गरिनेछ ।

१२. **महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

१३. जेष्ठ नागरिक / अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुका लागि वडागत रुपमा **घुम्ती स्वास्थ्य सेवा**को सुरुवात गरिनेछ ।

१४. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली प्रदेश अस्पताल, र जिल्ला अस्पतालसंग समन्वय र सहकार्यमा **पालिकास्तरीय एकिकृत स्वास्थ्य शिविर** सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

१५. **सफा आगन हाम्रो पहिचान कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

**३. महिला, बालबालिकातथा जेष्ठ नागरिक इकाईः**

१. महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका, एकल महिला, गरिब तथा विपन्न नागरिकको लागि लक्षित वर्ग लक्षित कार्यक्रममा अभिवृद्दी गरिनेछ ।

२. **पर सर्ने होइन अब घर सर्ने हो**, महिला हिंसा, घरेलु हिंसा, छाउपडी, जातीय विभेद लगायतका विभेदजन्य क्रियाकलाप न्यूनीकरका लागि सरोकारवालासंग अन्तरक्रिया तथा अभियानको रुपमा कार्य अगाडी बढाइनेछ ।

३. बाबुआमा विहिन बालबालिका, वेसहारा बालबालिका, विपन्न दलित बालबालिकाको अभिभावकत्व र आधारभूत आवश्यकताहरु, शिक्षा र स्वास्थ्यको व्यवस्थापनको जिम्मा गाउँपालिकाले लिने व्यवस्था मिलाइनेछ ।

४. संरक्षण बिहिन जेष्ठनागरिकको पुनस्थापना, वेवारिसे व्यक्तिहरुको व्यवस्थापनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

५. दलित तथा पिछडीएको समुदायको शिक्षा, स्वास्थ्य र नागरिक चेतनाको अवस्था सुधारको लागि आवश्यक व्यवस्था गरिनेछ ।

६. लक्षित वर्गलाई सिप विकास, रोजगारी श्रृजना र आयआर्जनमा अभिवृद्दी गर्ने नीति लिइनेछ ।

७. अपाङ्गता भएका व्यक्तिहरुलाई जीवनयापनमा सहजीकरण गर्न सहायता सामाग्री वितरण व्यवस्था मिलाइनेछ ।

८. जेष्ठ नागरिकहरुको ज्ञान सीप र अनुभवलाइ उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण छलफल, र जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

९. बिद्यालय उमेरका बालबालिकामा प्रजनन् स्वास्थ्य सम्बन्धी शिक्षा, मर्यादित महिनावारी, बाल यौन शोषण लगाएत विषयमा सचेतना अभिवृद्वीको गर्ने नीति अवलम्वन गरिनेछ ।

१०. **मेलापातमा होइन पढ्न देउ बिवाह होइन बढ्न देउ,** बालविवाह र बहुविवाह न्यूनिकरण सम्वन्धि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

११. द्वन्द पिडित बाल श्रमिक, बेचविखनमा परेका, अभिभावक गुमाएका र जोखिममा परेका बालबालिकाहरुको तथ्याङ्क संकलन गरि उनीहरुको संरक्षण गरिनेछ ।

१२. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति निर्माण गरि कार्यन्वयन गरिनेछ ।

२२. बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागी आवश्यक कार्यबिधि तयार गरि आगामी आ.ब.बाटै उक्त कार्यक्रमलाई अगाडी बढाईने छ ।

२३. आमा समुह, युवा क्लव र बाल क्लवको सहयोगमा पालिका क्षेत्रमा मदिरा र सुर्तिजन्य पदार्थको विक्रिवितरण गर्ने कार्यलाई नियमन गर्ने व्यवस्था मिलाईनेछ । मदिरा तथा लागुऔषधजन्य दुर्व्यसनीमा फसेका व्यक्तिहरुको पुनस्थापनाको लागि आवश्यक व्यवस्था मालाइनेछ

२४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक इकाईलाई लक्षित वर्ग विशेष सम्पर्क केन्द्रको रुपमा विकास गरिनेछ ।

२५. **सुरक्षित महिनावारी हाम्रो जिम्मेवारी कार्यक्रम** अन्तरगत सेनिटरी प्याड निर्माणको सम्भाव्यता अध्ययन गरि कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

२६. द्वन्द पिडित गम्भिर घाइते अपाङ्ग तथा आर्थिक अवस्था कमजोर भएका नागरिकको उपचारको लागि आर्थिक सहायता लगायत आवश्यक व्यवस्था गरिनेछ ।

**४. सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाः**

१. सामाजिक सुरक्षा वितरण कार्यलाई बैकसंग समन्वय गरि प्रत्येक त्रैमासिक रुपमा वितरणको व्यवस्था मिलाइनेछ ।

२. घटना दर्ता कार्यलाई व्यवस्थीत बनाउन जनप्रतिनिधि र स्थानीय पञ्जिकाधिकारीको क्षमता अभिवृद्वी तथा अभिमुखिकरण कार्य गरिनेछ ।

३. वडाको घटनादर्ता र सामाजिक सुरक्षा अभिलेखलाई व्यवस्थित गर्न स्थानीय पञ्जिकाधिकारीलाई सहायताको लागि एमआईस अपरेटर र फिल्ड सहायकको भुमिकालाई प्रभावकारी बनाइनेछ ।

**ङ.वन, वातावरण तथा बिपद् व्यवस्थापनः**

**१. वन तथा वातावरणः**

१. वन क्षेत्रको वृद्वी गर्न र वन संरक्षणको लागि वृक्षारोपणको कार्यलाई निरन्तरता दिनुको साथै सामुदायिक वन समितिका पदाधिकारीहरु ंगा आवश्यक सहकार्य गर्ने नीति लिइनेछ ।

२. नदीजन्य पदार्थको उत्खनन र उपयोग गर्नु पुर्व प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

३. आगलागि नियन्त्रण, चोरी निकासी नियन्त्रणको लागि स्थानीय प्रहरी प्रशासन र सामुदायिक वन समितिको सहयोगमा संयुक्त कार्यक्रम अगाडी बढाइनेछ।

४. वनलाई आयआर्जनमा जोड्न सामुदायिक वनमा मसला र औषधीजन्य विरुवा रोप्ने तथा **कृषि वन विकास कार्यक्रम** सुरुवात गरिनेछ ।

५. वनक्षेत्र अभिवृद्वी गर्नुको साथै जलाधार प्रवर्दनको कार्य गरिनेछ ।

६. टिमुर खेतीको सम्भाव्यता अध्ययन गरि टिमुर खेतीलाई व्यवसायीक रुपमा अगाडी बढाउने व्यवस्था मिलाइनेछ ।

**२. विपद् व्यवस्थापनः**

१. विपदको नक्साङ्कन गर्ने, विपद प्रतिकार्य योजना निर्माण, विपद पूर्व तयारी योजना निर्माण र विपद कार्यदलको गठन गरिनेछ ।

२. विपद व्यवस्थापनको लागि विपद उद्दार सामग्री, राहत सामग्री खरिद तथा वितरण र पुन स्थापना कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

३. भूसंरक्षण र पहिरो नियन्त्रणको लागि वृक्षारोपण र तटबन्धन निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

४. विपद व्यवस्थापनको लागि **विपद व्यवस्थापन कोषको** व्यवस्था गरिनेछ ।

**च. विधायन**

**.. कानुन निर्माणतर्फः**

१.गाउँपालिकाका लागी आवश्यक पर्ने कानुनहरु निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ।

२.कानुन निर्माण सम्बन्धमा जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि लागी आवश्यक तालिम सञ्चालन गरिने छ।

३. हालसम्म निर्माण गरिएका कानुनहरुलाई राजपत्रमा प्रकाशन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

**२. न्यायीक समितिः**

१.न्यायिक समितिका काम कारबाहीलाई प्रभावकारी बनाउन वडास्तर र गाउँपालिकास्तरमा मेलमिलाप केन्द्रहरुलाई सबल एवं सक्षम बनाइनेछ ।

२.न्यायिक समितिका पदाधिकारी तथा सदस्यहरुका लागी क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ।

**छ. विविध**

**१. उपभोक्ता समितितर्फः**

१.उपभोक्ता समितिबाट हुने काम कारवाहीलाई चुस्त दुरुस्त, मितव्ययी, पार्दशिता तथा गुणस्तरीय बनाउन आवश्यक व्यवस्था गरिने छ।

२.उपभोक्ता समितिबाट हुने कामकारवाहीलाई पारदर्शि, यथार्तपरक एवम सहभागितामुलक बनाइने छ।

३. १८ बर्ष – ६० बर्षसम्मका नागरिकको एक व्यक्ति एक बैक खाता कार्यक्रमलाई अभियानको रुपमा लागु गरि हरेक आर्थिक कारोवारलाई एकाउण्ट पेय बनाइनेछ । उपभोक्ता समितिको नाममा हुने भुक्तानीलाई निरुत्साहित गर्दै कामदारको खातामा र पार्टि भुक्तानीको परिपाटीलाई जोड दिइनेछ ।

४. महिला, दलित लगायत लक्षित वर्गको नमुना उपभोक्ता समिति निर्माण गरि कार्यान्वयन गरिनेछ ।

५. टोल विकास संस्था गठन गरि उपभोक्ता समितिलाई व्यवस्थित गरिनेछ । टोल विकास संस्था गठनलाई सर्वपक्षिय र समावेशी बनाउने व्यवस्था गरिनेछ ।

६. उपभोक्ता समिति र टोल विकास संस्थाको क्षमता अभिवृद्धीको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७. उपभोक्ताबाट गठित अनुगमन समितिलाई जिम्मेवार बनाउनुको साथै, उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधिको पूर्ण कार्यान्यवयनको व्यवस्था मिलाइनेछ ।

**२. संघसंस्था साझेदारीतर्फः**

१. सिमित स्रोत साधन र असिमित आवश्यकता परिपुर्ति गर्न गाउँपालिका एक्लैले सम्भव नहुने र हाल गाउँपालिका क्षेत्रमा कामकाज गर्ने संघसंस्था क्रियाशिल नरहेको अवस्थामा त्यस्ता साझेदार निकायसंग आवश्यक समन्वय र सहकार्य गरि अगाडी बढ्ने नीति लिइएको छ ।

२. शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार, खानेपानी तथा सरसफाराई, सिचाई, विद्युत, आयआर्जनत्र (कृषि तथा पशुपालन र उद्यम), रोजगारी, पोषण, सामाजिक र सांस्कृतिक विसंगति र विकृती निवारण, लक्षित वर्ग सशक्तिकरण र सबलीकरण क्षेत्रमा कामकाज गर्ने संघसंस्थासंग साझेदारीमा कामकाज गर्ने गरि आवश्यक स्रोत व्यवस्थापन गरिनेछ ।

साझेदारीको महत्व र आवश्यकतालाई मध्यनजर गरि संघसंस्था साझेदारी समन्वय गर्ने गरि एक जना अधिकृतस्तरको कर्मचारीलाई फोकल पर्सन तोक्ने व्यवस्था मिलाइएनेछ ।

**३. निर्माण व्यवसायतर्फः**

१. गाउँपालिकाबाट निर्माण हुने निर्माण कार्यमा निर्माण व्यवसायीको समान पहुँचको सुनिश्चितता गरी सार्वजनिक निर्माण कार्यलाई चुस्त दुरुस्त, पारदर्शि एवम गुणस्तरिय बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

२. निर्माण व्यवसायीको दर्ता नविकरण एवम क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

३. राम्रो काम गर्ने फर्म तथा निर्माण व्यवसायीलाई पुरस्कृत गर्ने र खराब कार्यसम्पादन भएका निर्माण व्यवसायी तथा फर्मलाई दण्डित गर्ने नीति लिइनेछ ।

४. पुराना रुग्ग ठेक्काले बर्षेनी सिर्जना गर्ने गरेको दायित्वलाई अन्त्य गर्दै नयाँ शिराबाट अघि बढ्ने नीति लिइएकोछ ।

**४. अन्य व्यवसायीतर्फः**

१. पालिका क्षेत्रमा सञ्चालनमा रहेका सम्पुर्ण व्यवसायलाई करको दायरा ल्याईनेछ ।साथै करदातामा करदाता शिक्षा र कर सचेतना अभिवृद्वी गर्दै स्वेच्छिक रुपमा कर तिर्ने वातावरण सिर्जना गरिनेछ ।

२. गाउँपालिकाबाट हुने खरिद तथा निर्माण कार्यमा स्थानीय मापदण्ड पुगेका व्यवसायी र फर्मलाई प्राथमिकता दिने व्यवस्था मिलाईनेछ ।

**५. समन्वय र सहकार्यः**

१. गाउँपालिकाको बिकास र समृद्धीका लागि स्थानीय बुद्धिजिबी, समाजसेवी, बिषय बिज्ञ, देश तथा विदेशमा बसोबास गरिरहेका पचालझरना बासि आमाबुवा, दाजुभाई तथा दिदीबहिनीसंग समन्वय र सहकारी गर्दै अगाडी बढ्ने नीति लिइनेछ ।

२. गाउँपालिका समग्र विकास समृद्धी न्यून स्रोत साधनको कारण पालिकाको एकल प्रयासबाट सम्भवन नहुने हुदाँ संघ, प्रदेशसंग समन्वय, सहकार्य र सुमधुर सम्बन्ध विकास गरि विकासमा हातमालो गर्दै जाने नीति अवलम्बन गरिनेछ ।साथै प्रदेश र संघीय कार्यलयबाट पालिकास्तरमा सञ्चालन हुने आयोजनाको गुणस्तरियता र प्रभावकारीता अभिवृद्धी गर्न समन्वयको लागि आवश्यक पहल गरिनेछ ।

**६. योजना व्यवस्थापनः**

१. सिमित स्रोतसाधन, न्यून स्थानीय आय, असिमित आवश्यकता, भौगोलिक जटिलताको कारण योजना व्यवस्थापनलाई योजना बैङ्क निर्माण, प्राथमिकिकरण, स्रोतको दायित्व बाँडफाँड गरि योजनाबद्द रुपमा आयोजना कार्यन्वयन तथा व्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।

२. खरिद योजना निर्माण गरि योजनाको प्रकृति र कार्यन्वयनको अवस्था विश्लेषण गरि आयोजना कार्यन्वयन गरिनेछ ।

३. संघीय समपुरक, विशेष, सशर्त पुँजीगत आयोजना, प्रदेश समपुरक, विशेष, सशर्त पुँजीगत आयोजना माग तथा पेश गर्नु पुर्व विस्तृत परियोजना रिपोर्ट र वातावरणिय प्रभाव मूल्याङ्कन अनिवार्य हुने हुदाँ योजना बैकमा रहेर प्राथमिकताको आधारमा डिपिआर र इआइए गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

४. निर्माण व्यवसायी तथा फर्मका सञ्चालक, उपभोक्ता समितिका पदाधिकारीहरु, सिकर्मी डकर्मीको सिप तथा क्षमता अभिकृद्वी गरिनेछ ।

७. शान्ति सुरक्षाः

१.नागरिकको जीउधन रक्षा र पालिकास्तरमा शान्ती सुरक्षा कायम गर्न पालिका स्थीत इलाका प्रहरी प्रशासनसंग समन्वय र सहकार्य गरिनेछ

२. पालिकास्थीत इलाका प्रहरी कार्यलयलाई स्रोत साधन सम्पन्न बनाउदै नागरिक प्रति प्रतिवद्द र उत्तरदायि बनाउने प्रयास गरिनेछ ।

३. स्थानीयस्तरमा उपलब्ध ढुङ्गा, गिटी र बालुवाजन्य प्राकृतिक स्रोत उत्खनन् रोकथाम, नियन्त्रण र नियमन गर्न, सार्वजनिक जग्गा तथा सडक क्षेत्र अतिक्रमण रोकथाम गर्न, बजार अनुगमनलाई प्रभावकारी बनाउन, पालिकाको प्रशासनिक भवन सुरक्षा व्यवस्था गर्न स्थानीय प्रहरी प्रशासनसंग समन्वय र सहकार्य गरिनेछ । यसलाई अझै प्रभावकारी र व्यवस्थीत बनाउन आवश्यकता र क्षमतालाई मध्यनज गरि पालिकास्थीत नगर प्रहरीको सम्भाव्यता अध्ययन गरि निर्णय लिइनेछ ।

**८. सञ्चार तथा सुचना प्रविधिः**

१. आम सञ्चार जगतलाई पचालझरना गाउँपालिका जनहितमा जारी सन्देश, सुचना, सकारात्मक अभ्यास, कामकारवाही र गतिविधिको प्रचारप्रसार र नागरिकको सुचनाको हकको प्रत्याभूती गर्ने आधारको रुपमा उपयोग गरिनेछ ।

२. रेडियो, पत्रपत्रिका, अनलाईन, विज्ञापन एजेन्सीसंग आवश्यक मापदण्ड तयार गरि कार्यसम्पादन सम्झौता गरि सुचना र सन्देश प्रसारण तथा प्रचारप्रचार र विज्ञापन कार्यलाई व्यवस्थीत र पारदर्शि बनाइनेछ ।

३. गाउँपालिकाबाट प्रदान गर्ने सेवाहरुलाई सुचना प्रविधिमैत्री बनाउदै सेवा प्रवाहलाई सहज, सरल र नागरिकमैत्री बनाइनेछ ।

४. पालिकाको वेभ साइटलाई अध्यावधिक गर्नुको साथै सो विषयमा सूचना प्रविधि अधिकृतलाई जिम्मेवार बनाइनेछ ।

५. पचालझरना गाउँपालिकालाई सुचना प्रविधिमैत्री बनाउदै डिजिटल पचालझरना निर्माणलाई अभियानको रुपमा लागु गरिनेछ ।

६. टेलिफोन, इन्टरनेट सुविधा नपुगेका वडा तथा क्षेत्रमा तत्काल टेलिफोन तथा इन्टरनेट सेवा विस्तारको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**९. अनुगमन तथा मुल्याङ्कन**

१. आयोजनाको अनुगमन मुल्याङ्कनलाई व्यवस्थित र चुस्तदुरुस्त बनाउन १ लाखसम्मका आयोजना वडास्तरिय अनुगमन तथा मुल्याङ्कन समितिबाट र अन्य आयोजना पालिकास्तरिय अनुगमन तथा मुल्याङ्कन समितिबाट अनुगमन तथा मुल्याङ्कन व्यवस्था मिलाइनेछ ।

२. पालिकास्तरिय अनुगमन तथा मुल्याङ्कन समितिलाई स्रोतसाधन सम्पन्न बनाई अनुगमन र मुल्याङ्कनलाई प्रभावकारी बनाइनेछ ।

**१०.** पचालझरना गाउँपालिका स्थीत नून वितरण केन्द्रलाई स्थायी रुपमा सञ्चालनको लागि आवश्यक भौतिक तथा अन्य व्यवस्था मिलाईनेछ ।

**११.** पचालझरना गाउँपालिका बासिको मागलाई मध्यनजर गर्दै खाद्यको डिपो सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**१२.** सुरक्षित नागरिक आवास कार्यक्रमलाई अझ प्रभावकारी रुपमा कार्यन्वयन गर्दै २०८४ सम्म खरमुक्त छानायुक्त पालिका घोषणा गर्ने नीति लिइएकोछ ।

**अन्त्यमा, पचालझरनाको समृद्दी हाम्रो जिम्मेवारी, म बदलिन्छु र मेरो पालिका बदल्छु,** आज हामी ११ औ गाउँसभामा नीति तथा कार्यक्रम पेश गर्दै गर्दा हामीलाई अहिलेको अवस्थासम्म ल्याई पुर्याउनु हुने विभिन्न आन्दोलन र जनयुद्दका महान सहिद, घाइने अपाङ्गता भएका योद्वा र व्यक्तिहरु, पुर्व जनप्रतिनिधिज्यूहरु, विभिन्न दलका प्रतिनिधि, सहयोगी साझेदार संघसंस्था, कर्मचारी परिवार, पत्रकार तथा मिडियाकर्मी साथिहरु, सुरक्षाकर्मी, बुद्दीजीवी, समाजसेवी, युवा, उद्यमी व्यवसायी, मजदुर, किसान लगायत पचालझरनाबासी आमाबुवा, दाजुभाई, दिदिबहिनी, सरोकारवाला सबैमा आगामी दिनमा पनी रचनात्मक सहयोगको अपेक्षा सहित हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद

देवराज शाही (अग्नी)
अध्यक्ष
पचालझरना गाउँपालिका
२०८० असार ०८ गते